# चम्पादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### कालिका, ओखलढुंगा, कोशी प्रदेश, नेपाल

## विद्युतिय बोलपत्र (e-Bids) आव्हान सम्बन्धी सूचना

***प्रथम पटक प्रकाशित मिति : २०८०/०८/०४ (Nov-20-2023)***

यस गाउँपालिकाको आ.ब. २०८०/०८१ का लागि स्वीकृत बार्षिक कार्यक्रम बमोजिम विभिन्न औषधी तथा औषधीजन्य सामानहरु खरिद गर्नुपर्ने भएकोले उल्लेखित सामान आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म इजाजतपत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, कारवाही वा कालोसूचीमा नपरेको स्व:घोषणा र अख्तियारनामा सहित रीतपूर्वक विधुतिय बोलपत्र e -Bids आव्हान गरिएको छ । बोलपत्र फारम तथा अन्य जानकारीका लागि https://www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेभसाइट https://www.champadevimun.gov.np मा हेर्न सकिनेछ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट बाहेक) | धरौटी र कम रु | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| CDRM/Okhaldhunga/ Goods/NCB/03/2080/081 | Supply and Delivery of Medicines | रु. २४,९७,५८६.३०।- | रु. ६५,०००।- | रु. ३,०००।- |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं.** Ga-1-1 (1125701782616052) मा रु ३,०००।- (तीनहजार मात्र) जम्मा गरी सो को भौचर Scan कपी विद्युतिय बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फारम साथ धरौटी बापतको रकम यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको **धरौटी खाता नं**. Ga-3-1(1125701782616044) मा जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको, बोलपत्र खोल्ने मितिबाट कम्तिमा ९० (नब्बे) दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत (विड बण्ड) Scan कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

३. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन (२०८०/१०/०५) को १२:०० बजे सम्म अनिवार्य अनलाईन प्रणालीमा पेश गरी सक्नु पर्नेछ । सोही दिन (२०८०/१०/०५) को ०१:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

४. औषधी तथा औषधीजन्य सामान खरिद गर्दा DDA/WHO-GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ । बोलपत्र पेश गर्दा कुन कम्पनीको औषधी तथा औषधीजन्य सामाग्रीहरु आपूर्ति गरिने हो, कम्पनीको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ । आपूर्ति हुने औषधीहरुको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, Expiry Date, Batch No. तथा Health instirutional supply, not for sell नेपाल सरकारद्धारा नि:शुल्क वितरण (यो औषधी विक्रिीका लागि होइन) भनी लेखिएको हुनु पर्नेछ । कार्यालयमा औषधी दाखिला हुने मितिबाट कम्तिमा १८ महिनाका Expiry Date हुनु पर्नेछ ।

५. बोलपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा उक्त बोलपत्र रद्द गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोस्रो बोलपत्र स्वीकृत गरी सम्झौता गरिनेछ । स्वीकृत बोलपत्रदाताले खरिद आदेश पाएको २१ औं दिनभित्र यस गाउँपालिकामा खरिद आदेश अनुसारको समाग्रीहरु दाखिला गर्नु पर्नेछ ।

६. सम्पूर्ण बोलपत्रदाताहरुले आफुले पेश गरेको बोलपत्र बमोजिम औषधीहरुको नमूना बोलपत्र खुल्ने दिन वा सोको ७ (सात) दिनभित्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

७. बोलपत्रमा पेश गरेको मुल्य चालु आ.ब. का लागि भएकोले २०८१ आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य बृद्धि दिइने छैन । कार्यालयसम्म सामान आपूर्ति गर्न लाग्ने ढुवानी तथा अन्य करहरु बोलपत्रदाताले स्वयंम व्यहोर्नु पर्नेछ । ढुवानीको क्रममा औषधी तथा औषधीजन्य सामान क्षति भई आएमा सो क्षति भएको औषधी तथा औषधीजन्य सामान बोलपत्रदाताले सोधभर्ना गर्नु पर्नेछ ।

८. यस सूचनमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपालको कानून बमोजिम हुनेछ । साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी वा फोन नं ९८५२८४४४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**